**आसय पत्र Expression of Interest (EoI) आह्वान गरिएको सम्बन्धमा**

(प्रथम पटक प्रकाशित मिति : २०७९ जेठ २४)

नेपाल स्वास्थ्यको लागि पानी (नेवा), बागमती प्रदेश कार्यालय सिन्धुलीलाई आ.व. २०७९/०८० (२०२२/०२३) का लागि सिन्धुली जिल्लामा सञ्चालित खानेपानी, स्वास्थ्य तथा सरसफाइ आयोजनाहरुका लागि आवश्यक पर्ने **सामग्री ढुवानी सेवा** आपुर्ती गर्न चाहने सबै ईच्छुक तथा योग्य आपुर्तीकर्ताहरुलाई आसय पत्र (Expression of Interest / EoI) पेश गर्नका लागि आह्वान गर्दछ । सम्बन्धित सामग्री तथा सेवाको आपुर्तीका लागि विस्तृत सन्दर्भका सर्तहरु (Terms of Reference/ToR) संस्थाको वेवसाईटः http://newah.org.np/notice मा उपलब्ध हुनेछ तथा डाउनलोड गर्न सकिनेछ ।
आसय पत्र (Expression of Interest / EoI) २०७९ जेठ ३० (१३ जुन २०२२), समय बेलुकी ५:०० बजे भित्र तल उल्लेखित ठेगानामा पेश गरिसक्नु पर्नेछ ।

**आसय पत्र पेश गर्ने ठेगानाः**

**खरिद समिती**
**नेपाल स्वास्थ्यको लागि पानी (नेवा)**
**बागमती प्रदेश कार्यालय, मधुटार ५, सिन्धुली**

**Terms of References (ToR)**

**Call for Expression of Interest (EoI) for the supply and services of Materials (सामग्री तथा सेवा खरिद सम्बन्धमा आसयपत्र पेश गर्ने बारे)**

**१,भूमिकाः**

नेपाल स्वास्थ्यको लागि पानी (नेवा) नेपालको एक राष्ट्रिय गैर सरकारी संस्था(NGO) हो जसले स्वच्छ पिउने पानी, सरसफाइ तथा स्वच्छताको प्रवर्धनका लागि कार्य गरिरहेको छ। १९९२ मा यसको स्थापना भए देखि नेवाले देशका ५१ जिल्लामा कार्यरत रही लगभग एक्काईसलाख अर्थात कुल जनसंख्याको ७% जनसंख्यालाई लिङ्ग, जात, जनजाती तथा वर्गको विभेद नगरि सुरक्षित खानेपानी, स्वास्थ्यशिक्षा तथा आधारभूत सरसफाइ सुविधामा पहुंच तथा सेवा पु-याइरहेको छ।

नेवा बागमती प्रदेश कार्यालय, सिन्धुलीद्वारा सिन्धुली जिल्लाका ग्रामिण क्षेत्रहरुमा सञ्चालित खानेपानी, स्वास्थ्य तथा सरसफाइ आयोजनाहरुका लागि आवश्यक सामग्रीहरु ढुवानी गर्न तथा अन्य सामग्री आपूर्ती गर्नकालागि सम्भावित तथा योग्य आपूर्तिकर्ताहरु छनौट गरि सामग्री ढुवानी तथा आपूर्ति गराउनु रहेकोछ।

**२, उद्देश्यः**

यस ToR (सान्दर्भिक सर्तहरु) को उद्देश्य सम्भावित तथा योग्य आपूर्तिकर्ताहरुबाट खानेपानी, स्वास्थ्य तथा सरसफाइ कार्यमा आवश्यक ढुवानी सेवा तथा सामग्री आपूर्ति गर्न पाउं भनि EOI (आसयपत्र) समावेश गराउनु रहनेछ। नेवाको खरीद प्रक्रिया नीति बमोजिम छनौट भएका योग्य आपूर्तिकर्तालाई मात्र ततपश्चातको प्रक्रियामा समावेश गराइनेछ।

**३, कार्य क्षेत्र/विवरणः**

नेवाद्वारा सञ्चालित आयोजनाहरुकालागि नेवाले निर्धारण गरेको आवश्यक गन्तव्य सम्मको ढुवानी तथा आवश्यक नाप नक्सा, मापदन्ड तथा परिमाण अनुसारका सामग्री तथा सेवाहरु सम्भावित तथा योग्य आपूर्तिकर्ताहरुबाट तपसिलमा उल्लेखित वर्गीकरण गरिएका सेवा तथा सामग्रीहरुको आपुर्तिकालागि EOI (आसयपत्र) पेश गर्नु पर्नेछ।

**४.आवश्यक सेवा तथा सामग्रीहरुः**

**४.१, सामग्री ढुवानी सेवा (Material Transportation Service)**

**५).आसयपत्र (EoI) का लागि आवश्यक कागजात तथा शर्तहरु :**

- आवेदनपत्र, साथमा सम्बन्धित फर्मको विस्तृत विवरण ( मुख्य व्यवसाय आपूर्ति कार्यसंग सम्वन्धित रही विगत **३** वर्षको सेवाग्राही सुची तथा सो संगको कारोबार विवरण) साथै सामग्री तथा सेवाको कार्य गर्न पाउने इजाजतपत्र (Company Registration) **.**
- आसयपत्र संग सम्बन्धित कार्यमा विगत २ वर्षको अनुभव भएको तथा २ वटा फरक सेवाग्राहीबाट कार्य अनुभवको सिफारिस पत्र पेश गर्नु पर्नेछ।
- मुल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र (VAT)।
- आ.व. २०७७/०७८ को कर चुक्ता प्रमाणपत्र (Tax Clearance Certificate)।
- आसयपत्र पेशगर्दा आपुर्तीकर्ताको कुनै अन्य फर्म, कम्पनी, समुह तथा नेवा कर्मचारीसंग हितकर द्वन्द (Conflict of Interest) नरहेको तथा स्वतन्त्र रहेको उल्लेख गरिएको स्वघोषित फारम (Self Declaration Form) संस्थाको वेव साइट http://newah.org.np/notice मा भएको उपलब्ध नमूना अनुसार डाउनलोड गरि हस्ताक्षर र स्ट्याम्प लगाई निवेदन साथ पेश गुर्नपर्नेछ।
- आवेदकको नाम, ठेगाना र सम्पर्क नम्बर साथै शोरुम र उद्योगको सम्पर्क नम्बर उल्लेख गर्नुपर्नेछ।

**६). आसयपत्र दर्ता सम्बन्धमा :**

उल्लेखित कागजातहरु सहितको आसयपत्रको दरखास्त खाम बन्दि गरि खाम बाहिर सम्बन्धित सामग्री तथा सेवाको वर्गउल्लेख गरि मितिः **२०७९ जेठ ३० गते** (**13 June 2022**) बेलुकी **५:००** बजे भित्र तपशिलमा उल्लेखित ठेगानामा पेश गरिसक्नु पर्नेछ। म्याद नाघी वा उल्लेखित कागजातहरु नपुग भइ प्राप्त हुन आएका दरखास्तहरु मान्य हुने छैन।

**ठेगानाः**
**खरिद समिती**
**नेपाल स्वास्थ्यको लागि पानी (नेवा)**
**बागमती प्रदेश कार्यालय, मधुटार ५, सिन्धुली।**

<u>नोटः</u>

कुनै पनि कारण तथा बिना पुर्व सुचना प्राप्त आसयपत्र स्वीकार गर्ने वा नगर्ने भन्ने अन्तिम निर्णय गर्ने अधिकार नेवा खरिद समितीमा निहीत रहनेछ । (व्यक्तिगत अथवा फोन सम्पर्कलाई प्रोत्साहन गरिने छैन ) ।

**NEPAL WATER FOR HEALTH (NEWAH)**
**Bagmati Province Office, Sindhuli**

FMR-23-SDF

**Self-Declaration for Submission of**
**Expression of Interest (EoI) for the service delivery of material transportation / Hoarding board manufacture**

**Nepal Water for Health (NEWAH)**

**.......................................**

**........................................**

**Nepal**

**Dear Sir / Madam**

We hereby declare that we are legally eligible to participate in the procurement process of goods and Services. We have not been penalized from any entity in our business during last three years and we do not have any Conflict of Interest in the said assignment.

**In this category, We also hereby confirm that we:**

- Have not submitted EOI in partnership or association with any other suppliers.
- Do not have any personal or financial interest with any staff member at NEWAH.
- Have not been engaged or associated with any kind of terrorism act.
- Have not enforced child labor.
- Endeavor to use local / national human and material resources as far as practical.

**Signature:**

**Name:**

**Designation:**

**For and on behalf of:**